*धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक*   *जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०*

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्

ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ५२ ◆ २०८३ भदौ २३ मंगलबार ◆ Tuesday, September 8, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## सभापति लामिछाने र अमेरिकी विदेशमन्त्री रुबियोबीच टेलिफोन वार्ता

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र संयुक्त राज्य अमेरिका का विदेशमन्त्री मार्को रुबियोबीच सोमबार टेलिफोन वार्ता गर्नुभएको छ ।

टेलिफोन वार्ताका क्रममा विदेशमन्त्री रुबियोले भोटेकोशी बाढीमा ज्यान गुमाएकाहरूप्रति समवेदना व्यक्त गर्दै नेपाली जनता तथा सरकारप्रति ऐक्यबद्धता जनाउनुभएको रास्वपाले जनाएको छ । सभापति लामिछानेले सो अवसरमा नेपाल सरकारको जारी खोजी, उद्धार तथा राहत वितरणका काममा पार्टीका तर्फबाट अधिकतम प्रयास भइरहेको बताउनुभएको थियो । साथै उहाँले विदेशमन्त्री रुबियोलाई हाले यहाँ आएको बाढीबाट प्रभावित विदेशी नागरिक हरूको सुरक्षा तथा संरक्षणका लागि नेपाल प्रतिबद्ध रहेको विश्वास दिलाउनुभएको थियो ।

सभापति लामिछानेले यस कठिन समयमा अमेरिकी सरकार बाट प्राप्त सहयोगका लागि धन्यवादसमेत व्यक्त गर्नुभएको थियो । विदेशमन्त्री रुबियोले नेपाल सरकारलाई थप सहयोग उपलब्ध गराउन अमेरिका तयार रहेको रास्वपाले जनाएको छ ।

## भोटेकोशी बाढीमा निधन भएकाको सम्मानमा राष्ट्रिय शोक

काठमाडौं । रसुवास्थित भोटेकोशी नदीमा आएको बाढीका कारण ठूलो जनधनको क्षति भएकामा सोमबार मुलुकभर राष्ट्रिय शोक मनाइएको छ ।

नेपाल सरकार मन्त्रिपरिषद् को यही भदौ १८ गते बसेको बैठकले भदौ १० गतेको बाढीका कारण मृत्युवरण गर्ने व्यक्तिको सम्मानस्वरुप उक्त घटना भएको १३ औं दिनको पुण्य तिथिका दिन राष्ट्रिय शोक मनाउने निर्णय गरेको थियो । सोही निर्णयका आधारमा सोमबार मुलुकभरका सरकारी कार्यालय एवं विदेशस्थित नेपाली दूतावास र नियोगमा राष्ट्रिय झण्डा आधा झुकाई शोक मनाइएको हो ।

उक्त बाढीबाट मृत्यु भएकामध्ये एक हजार ३५५ को शव फेला परेको छ ।

चार हजार ९९६ जना अझै बेपत्ता छन् । मृत्यु भएकामध्ये अहिलेसम्म ९८ जनाको मात्र सनाखत भएको छ ।

हालसम्म १३ हजार ३९६ जनाको उद्धार गरिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

## बाढी प्रभावितको उपचारका लागि १७९ पिन्ट रगत सङ्कलन

पर्सा । रसुवा बाढी प्रभावितको उपचारका लागि वीरगञ्जस्थित विभिन्न सङ्घ/संस्थाले १७९ पिन्ट रगत सङ्कलन गरेका छन् ।

नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालमा आयोजना गरिएको रक्तदान कार्यक्रम ६८ पिन्ट रगत सङ्कलन गरिएको छ ।

रोटर्याक्ट क्लब अफ नेशनल मेडिकल कलेजको आयो-जनामा तथा नेशनल मेडिकल कलेज ब्लड बैंकको सहकार्यमा उक्त कार्यक्रम सञ्चालन गरिएको हो । रक्तदान अभियानमा चिकित्सक, स्वास्थ्यकर्मी, शिक्षक, कर्मचारी, विद्यार्थी, स्वयंसेवक तथा विभिन्न क्षेत्रका सहभागीले रक्तदान गर्नु भएको थियो । सङ्कलित प्रत्येक युनिट रगतले विपद्बाट प्रभावित तथा उपचाररत बिरामीको जीवन बचाउन महत्त्वपूर्ण योगदान पुग्नेछ । बैंक तथा वित्तीय क्षेत्रमा कार्यरत १११ जना कर्मचारीले सामाजिक उत्तरदायित्व तथा मानवीय सेवामा जोड्ने उद्देश्यले रक्तदान गर्नुभएको छ । वीरगञ्ज बैंकर्स ग्रुपले आयोजना गरेको कार्यक्रममा १० जना महिलासहित १११ जनाले रक्तदान गरेका आयोजक संस्थाले जानकारी दिएको छ ।

## फरार प्रतिवादी पक्राउ

पर्सा । प्रहरीले जबरजस्ती करणी मुद्दामा १० वर्ष कैद सजाय तोकिएका फरार पर्साका एक प्रतिवादी अखिलेश साह तेलीलाइ पक्राउ गरेको छ । अदालतबाट कैद सजाय तोकिएपछि फरार रहेका साहलाई विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय भिस्वा बञ्जारीबाट खटिएको प्रहरी टोलीले सोमबार दिउँसो करिब १ बजे उनकै घरबाट पक्राउ गरेको हो । छिपहरमाई गाउँपालिका-४ तुलसी बर्वा निवासी ३५ वर्षीय राजवा भन्ने अखिलेश साह तेली रहेको जिल्ला प्रहरी कार्यालय पर्साका सूचना अधिकारी तथा प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) चक्रबहादुर मल्लले जानकारी दिनुभयो ।

## पीडितले 'सरकार पाइनँ' भन्ने अवस्था नआओस् : सभामुख अर्याल

❑ *प्रत्यूष समाचारदाता*

धादिङ । सभामुख डोलप्रसाद अर्यालले प्राकृतिक विपद्बाट प्रभावित कुनै पनि नागरिकले राज्यको उपस्थितिको अभाव महसुस नगर्ने गरी उद्धार, राहत र पुनःस्थापनाका काम अघि बढाउन तीनै तहका सरकारसँग आग्रह गर्नुभएको छ ।

धादिङको गल्छीस्थित विभिन्न स्थानका भोटेकोशी बाढी प्रभावित क्षेत्रको अवलोकनपछि उहाँले विपद्का बेला नागरिकलाई राज्यको उपस्थिति अनुभूति गराउनु सरकारको पहिलो दायित्व भएको बताउनुभयो ।

"पीडित परिवारले कति छिटो राहत पाए र सरकारको उपस्थिति महसुस गरे भन्ने विषय महत्वपूर्ण हो", सभामुख अर्यालले भन्नुभयो, "एक जना पनि पीडित नागरिकले 'सरकार पाइनँ' भन्ने अवस्था आउनुहुँदैन ।" सभामुख अर्यालले बाढीबाट विस्थापित परिवारलाई यथाशीघ्र सुरक्षित बसोबासको व्यवस्था मिलाउने गरी पुनःस्थापनाको काम द्रुत प्रक्रियाबाट अघि बढाउन सरकारसँग समन्वय भइरहेको जानकारी दिनुभयो ।

राहत वितरणलाई न्यायोचित र व्यवस्थित बनाउन सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी एकद्वार प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । वास्तविक पीडितको पहिचान गरी सबै प्रभावित परिवारले समान रूपमा राहत पाउने व्यवस्था गर्नुपर्ने उहाँको भनाइ थियो ।

सभामुख अर्यालले प्रभावित नागरिकलाई अनावश्यक प्रशासनिक झन्झट नदिई स्थानीय जनप्रतिनिधि र सम्बन्धित निकाय आफैं प्रभावित क्षेत्रमा पुगेर मानवीय तथा भौतिक



क्षतिसँगै कृषि, व्यापार-व्यवसाय र जीविकोपार्जनमा पुगेको क्षतिको यथार्थ विवरण सङ्कलन गर्नुपर्ने बताउनुभयो ।

उहाँले जोखिमयुक्त बस्तीको सुरक्षित स्थानान्तरण तथा दीर्घ कालीन पुनर्निर्माणका लागि भविष्यको जोखिमसमेत ध्यानमा राखेर नीति र मापदण्ड निर्माण गर्नुपर्ने उल्लेख गर्नुभयो । त्यस अवसरमा सभामुख अर्याललाई स्थानीय जनप्रतिनिधि, प्रशासन तथा प्रभावित बासिन्दाले गल्छी क्षेत्रमा बाढीपहिरोबाट भएको क्षति, क्षतिग्रस्त सडक तथा पुलको अवस्था, पुनर्निर्माण र तत्काल आवश्यक राहतबारे जानकारी गराउनुभयो ।

## बैरेनी जग्गा विकास आयोजनाको भौतिक प्रगति ८९ प्रतिशत

दमौली । व्यास नगरपालिकाले व्यास नगरपालिका-१० मा सञ्चालन गरेको बैरेनी जग्गा विकास आयोजना अन्तिम चरणमा पुगेको छ ।

आयोजनाको ८९ प्रतिशत भौतिक प्रगति र ६५ दशमलव ८ प्रतिशत वित्तीय प्रगति भएको नगरपालिकाले जनाएको छ । हालसम्म उक्त आयोजनामा रु पाँच करोड ६९ लाख तीन हजार ३३७ खर्च भएको व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिनुभयो । उहाँका अनुसार मूल्य अभिवृद्धि करसहित आयोजना निर्माणका लागि रु ८ करोड ६४ लाख ७९ हजार २३६ मा ठेक्का लागेको थियो । २०८१ वैशाख १२ गते सम्झौता गरिएकामा २०८३ असोज ३१ गतेभित्र सम्पन्न गर्नुपर्ने म्याद छ ।

भूकम्प प्रविधि राष्ट्रिय समाज (एनसेट) को प्राविधिक सहयोगमा सम्भाव्यता अध्ययन सकिएपछि जग्गा एकीकरण आयोजना अगाडि बढाइएको नगर प्रमुख बैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । प्रमुख न्यौपानेका अनुसार प्रथम चरणमा २६१ रोपनी क्षेत्रफलमा आयोजना कार्यान्वयन गर्नका लागि मस्यौदा योजना तयार गरी सहरी विकास मन्त्रालयमा पेस गरिएकामा २०७८ फागुन २ गते सरकारबाट स्वीकृत भएको थियो ।

नगरपालिकाले आयोजना निर्माणका लागि २०८१ मङ्सिर १५ गते नगर विकास कोषसँग ऋण सम्झौता गरेको थियो । सम्झौता अनुसार नगर विकास कोषले ७० प्रतिशत र नगरपालिकाले ३० प्रतिशत रकम व्यहोर्ने छन् । जग्गा एकीकरण आयोजनाका लागि एक लाख ३२ हजार ८१४ वर्ग मिटर (२६१ रोपनी) क्षेत्रफल छुट्याइएको छ । जग्गा एकीकरण आयोजनामा २३१ लाभग्राहीका ३४७ कित्ता समावेश गरिएको छ ।

प्रत्येक जग्गाधनीहरुले गर्नुपर्ने योगदानको विस्तृत योगदान तालिका तथा चक्लाबन्दी नक्सा समेत तयार भइ स्वीकृत भइसकेको छ । आगामी दिनमा जगाको चार किल्ला सीमाङ्कन गरी आयोजनाका सम्बन्धित जग्गाधनीहरुलाई अस्थायी जग्गाधनी प्रमाणपुर्जासहित जग्गा फिर्ता गरिनेछ । त्यसपछि पूर्वाधार निर्माणका लागि आरक्षित घडेरी बिक्री गरी विभिन्न चरणमा नगर विकास कोषलाई ऋण रकम भुक्तानी गरिने जनाइएको छ ।

## पाल्पामा २५५ जनामा डेंगु सङ्क्रमण पुष्टि

❑ *प्रत्यूष समाचारदाता*

पाल्पा । यहाँका २५५ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको छ । चालु आर्थिक वर्ष २०८३/०८४ को साउन र भदौ महिनामा पाल्पा जिल्लामा २५५ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयका ल्याब टेक्निसियन मधुसुदन भट्टराईले जानकारी दिनुभयो ।

पछिल्ला वर्षमा यहाँ डेङ्गु सङ्क्रमणको अवस्था उतारचढाव पूर्ण देखिए पनि सङ्क्रमण सङ्ख्या उल्लेख्य छ । आर्थिक वर्ष २०८२/०८३ मा ४३२, २०८१/०८२ मा पाँच ५१०, २०८०/०८१ मा ६८६, २०७९/०८० मा २५० र २०७८/०७९ मा २४ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको थियो । पछिल्लो दुई महिनामै २५५ जनामा सङ्क्रमण पुष्टि हुनुले यस वर्ष पनि पाल्पामा डेङ्गुको जोखिम उच्च रहेको सङ्केत गरेको छ ।

वर्षायाममा पानी जम्ने स्थान बढेसँगै डेङ्गु फैलाउने एडिस जातको लामखुट्टेको प्रजननका लागि अनुकूल वातावरण बन्ने भएकाले सङ्क्रमण जोखिम बढ्ने स्वास्थ्यकर्मी बताउँछन् । ल्याब टेक्निसियन अधिकृत भट्टराईले जलवायु परिवर्तनका कारण वातावरणीय अवस्थामा आएको परिवर्तन तथा डेङ्गु परीक्षणको दायरा बढेकाले सङ्क्रमण सङ्ख्या बढी देखिएको बताउनुभयो । उहाँका अनुसार पछिल्लो समय डेङ्गु परीक्षण सहज बन्दै गएपछि सङ्क्रमण पहिचान हुने क्रमसमेत बढेको छ । पाल्पाको युनाइटेड मिसन, पाल्पा अस्पताल, लुम्बिनी मेडिकल कलेजलगायतका अस्प-तालमा आएका बिरामीमा डेङ्गु सङ्क्रमण देखिएको छ ।

कतिपय निजी मेडिकल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमासमेत डेङ्गुको परीक्षण हुन्छ । डेङ्गु सार्ने एडिज जातको लामखुट्टेले घर वरिपरि रहेका टायर, गमला, टिनका डब्बा तथा पानी जम्न सक्ने साना-ठूला भाँडाकुँडा मा लामखुट्टेले फूल पार्ने गर्दछ । फूलबाट लार्भा, प्युपा हुँदै वयस्क लामखुट्टे बन्ने भएकाले लार्भाकै अवस्थामा खोजी गरी नष्ट गर्न आवश्यक रहेको बताइन्छ । स्वास्थ्य कार्यालयले डेङ्गु सङ्क्रमित को सङ्ख्या बढ्दै गएपछि सचेतना कार्यक्रमलाई तीव्रता दिएको छ । कार्यालयले सरोकारवाला निकाय सँग डेङ्गु रोगको रोकथाम तथा नियन्त्रण सम्बन्धमा पैरवी तथा अभिमुखीकरण गरेको छ । कार्यक्रममा वर्षायामसँगै लामखुट्टे वृद्धि हुने र डेङ्गु रोगको जोखिमसमेत बढ्ने भएकाले यसको रोकथाम तथा नियन्त्रणका लागि घरआँगनदेखि सार्वजनिक स्थानसम्म सरसफाइमा विशेष ध्यान दिनुपर्नेमा जोड दिइएको छ ।

स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख गौरव ढकालले लामखुट्टे नियन्त्रण गर्न सके डेङ्गुलगायतका विभिन्न रोगबाट बच्न सकिने भन्दै वातावरणीय सरसफाइमा सबैले ध्यान दिन आग्रह गर्नुभयो ।

सम्पादकीय ....

## उद्धारमा सरकारको तत्परता

विपत्मा सरकारले सुरुदेखि नै गरेको उद्धार प्रयास तथा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले खेलेको भूमिका उल्लेखनीय छ। विशेषगरी जोखिमपूर्ण अवस्थामा आफ्नो ज्यानको पर्वाह नगरी नागरिकको उद्धारमा खटिनु सामान्य काम होइन। नेपाली सेनाको हवाई तथा स्थलगत उद्धार प्रयास प्रशंसनीय छ। बेपत्ताको खोजी, जोखिममा परेका नागरिकको उद्धार र सुरक्षित स्थानमा स्थानान्तरण गर्ने काममा सुरक्षा निकायले खेलेको भूमिका राज्यको विपद् प्रतिकार्य क्षमताको महत्वपूर्ण उदाहरण हो। तर, अब हामीले एउटा महत्वपूर्ण प्रश्न सोध्नुपर्छ, उद्धारपछि के गर्ने ? विपत्को पहिलो चरणमा जीवन बचाउनु सर्वोच्च प्राथमिकता हुन्छ। त्यसपछि राहत, स्वास्थ्य, सुरक्षित आवास, यातायात, सञ्चार, शिक्षा, जीविकोपार्जन र अन्ततः पुनर्स्थापना तथा पुनर्निर्माणका विषय आउँछन्।

स्थलगत अवलोकनका क्रममा महसुस गरिएका प्रमुख प्रमुख विषय के हो भने, विपद् जस्तो समस्या समाधानका लागि विभिन्न निकायबिच अझ प्रभावकारी समन्वयको आवश्यकता छ। संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय, जनप्रतिनिधि, सामाजिक संघसंस्था, गैरसरकारी संस्था, निजी क्षेत्र तथा अन्य सहयोगी निकाय आ-आफ्ना ठाउँबाट सक्रिय छन्। तर, यी प्रयासबिच एउटै साझा सूचना, प्राथमिकता र कार्ययोजना बन्न सकेन भने राम्रो नियतका बाबजुद राहत प्रभावकारी नहुन सक्छ। कुन ठाउँमा के आवश्यकता छ ? कुन परिवारले राहत पायो, कसले पाएन ? स्वास्थ्य सेवा चाहिएको छ कि छैन ? कहाँ सडक, विद्युत् वा सञ्चार सेवा अवरुद्ध छ ? कति व्यक्ति अझै बेपत्ता छन् ? महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिमध्ये को बढी जोखिममा छन् ? यी प्रश्नको साझा र अद्यावधिक सूचना सबै सरोकारवालासँग हुनु आवश्यक छ।

विपद्को समयमा समन्वय भनेको बैठक बस्नु मात्र होइन, सही सूचना, सही ठाउँमा, सही समयमा र सही व्यक्तिसम्म पुऱ्याउनु हो।

स्थानीय सरकारलाई केन्द्रमा राख्नुपर्छ : विपद् प्रभावित समुदायको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार हो। त्यसैले राहत, उद्धार र पुनर्स्थापनाको काममा स्थानीय तह र स्थानीय जनप्रतिनिधिलाई केन्द्रमा राखेर काम गर्नुपर्छ। बाहिरबाट जाने सहयोगले स्थानीय आवश्यकता नबुझ्दा कतिपय ठाउँमा आवश्यकताभन्दा फरक सामग्री पुग्ने र कतिपय ठाउँमा अत्यावश्यक सामग्रीको अभाव हुने अवस्था आउन सक्छ। त्यसैले, स्थानीय तहसँग नियमित समन्वय, स्थानीय आवश्यकता पहिचान र पारदर्शी सूचना प्रणाली आवश्यक छ। गैरसरकारी संस्था र नागरिक समाजको साझेदारी : विपत्को समयमा सामाजिक संघसंस्था र गैरसरकारी संस्था राहत सामग्री बाँड्न मात्र जाने होइनन्। उनीहरूसँग स्थानीय समुदायसँगको पहुँच, अनुभव, स्वयंसेवक, विषयगत ज्ञान, सामाजिक परिचालन र लामो समयसम्म काम गर्ने क्षमता हुन्छ। त्यसैले, राज्यले गैरसरकारी संघसंस्थालाई सहयोगी मात्र होइन, विपत् व्यवस्थापनको साझेदारका रूपमा हेर्नुपर्छ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०, ९८५११२०८५०
Email : pratyushdainik@gmail.com

## जहाँ पाक्छ निःशुल्कमा खाना

सजना तिमल्सिना

ललितपुरको ग्वार्कोबाट पाँच किलोमिटरको दूरीमा छ, महालक्ष्मी नगरपालिका-८ लुभु। गोदावरी खोलाबाट देब्रे लागेपछि झण्डै पाँच सय मिटर हिँडेपछि पुगिने एउटा वस्तीमा अलि फरक दृश्य देखिन्छ। वरिपरि नयाँ घर बनिरहेका छन्। वस्ती बाक्लो बन्दै गएपनि एउटा जग्गा खाली छ। त्यो खाली जमिनमा असरल्ल ठूला-साना ढुङ्गा छन्। तिनै ढुङ्गामाथि दुई वटा चियादानी र एउटा कुकर राखिएको छ। एउटा चियादानीमा पानी उम्लिरहेको छ भने अर्कोमा चिया पाकिरहेको छ। कुकरमा सिट्ठी लागिरहेको छ।

बजारमा खाना पकाउने एलपी ग्यासको अभाव भएको बेला यहाँ स्थानीयले निःशुल्करुपमै दैनिक खाना पकाइरहेका छन्। "यसरी खाना पकाएको धेरै भयो। खुला जमिनमा २४ घण्टा आगो बलिरहन्छ। यसैमा खाना पकाएर घरमा लगेर खान्छौं," हुम्ला घर भइ लुभु-८ भाडाको घरमा बस्दै आउनु भएकी अनिता जैशीले भन्नुभयो।

घर नजिकै रहेको खाली जग्गामा खेर गइरहेको ग्यासको सदुपयोग गरेको उहाँ बताउनुहुन्छ। निःशुल्क ग्यास सदुपयोगको अनुभव सुनाउँदै उहाँले भन्नुभयो, "बिहान बेलुका दाल, गेडागुडी पकाउँछु। मैले मात्र होइन साँझ र बिहान वरिपरि घर भएका धेरै परिवारले दाल-भात पकाउनुहुन्छ।" घरमा खाना पकाउन प्रयोग हुने ग्यासजस्तै प्राकृतिक रूपमा निस्किएको ग्यासले स्थानीयको भान्साको काम गरिरहेको छ। भान्सामा मात्र सीमित नभई कतिपयको लागि यो ग्यास आयस्रोतको बाटो पनि बनेको छ। उहाँ भन्नुहुन्छ, "हामी साँझबिहान मात्रै पकाउँछौं, एक जना दिदीले त दिनभरि मकै पोलेर राम्रो आम्दानी गर्नुहुन्छ।"

चार जनाको परिवारलाई बिहान बेलुका दाल, भात र तरकारी पकाउन पुग्ने उहाँको भनाइ छ। राजधानीमै रहेर पनि यो ठाउँमा सरकारको नजर नपुगेको जैशी बताउनुहुन्छ। "बजारमा ग्यास किन्न पनि पाइँदैन। राजधानी सहरमै यस्तो ग्यास छ। थोरै मान्छेलाई वा एक दुई सय परिवारलाई त पुग्ने थियो तर किन सरकारले सदुपयोग नगरेको हो भन्ने लाग्छ", जैशी भन्नुहुन्छ।

उहाँजस्तै अरू स्थानीय पनि बिहान-बेलुका भाँडाकुँडा बोकेर यही ठाउँमा पुग्छन्। कसैका लागि यो वर्षौंदेखिको परिचित ठाउँ हो भने कसैका लागि प्रकृतिले दिएको अनौठो उपहार। ललितपुर सानागाउँका ५६ वर्षीय बाबुकाजी महर्जन यो ग्यासमा खाना पकाउन आउनेहरूको संख्या समयअनुसार बढिरहेको बताउनुहुन्छ। "घरमा ग्यास किन्नुपर्छ। यहाँ प्रकृतिले दिएको ग्यास छ। यसको राम्रोसँग अध्ययन गरेर प्रयोग गर्न सके स्थानीयलाई ठूलो सुविधा हुन्थ्यो," उहाँ भन्नुहुन्छ। महर्जन यो ग्यास ४५ वर्षदेखि खेर गइरहेको सुनाउनुहुन्छ। बाल्यकालदेखि नै आगो उस्तै बलिरहेको उहाँको भनाइ छ। महर्जन थप्नुहुन्छ, "न घाम न पानी, न हुरी न आँधी यो आगो निरन्तर बलिरहेको छ। पहिले यहाँ पूरै घारी थियो, अहिले घर बन्न थालिसके। यसरी ग्यास निरन्तर बलिरहँदा बस्तीका लागि जोखिम पनि भयो नि !" यही आगोले एउटा ठूलो प्रश्न पनि उठाएको छ–जमिन मुनिबाट निरन्तर निस्किरहेको यो ग्यास आखिर के हो ? यसको मात्रा कति छ ? र यसलाई स्थानीय ऊर्जा स्रोतका रूपमा प्रयोग गर्न सकिन्छ कि सकिँदैन ? स्थानीयले वर्षौंदेखि प्रयोग गर्दै आए पनि यसको वैज्ञानिक सम्भाव्यताबारे भने पर्याप्त अध्ययन भएको देखिँदैन।

वडाध्यक्ष विश्वराज श्रेष्ठ यसबारेमा विभिन्न संस्थाले अध्ययन गरिसकेको बताउनुहुन्छ। "आगो निस्किएको धेरै भयो। अध्ययन पनि धेरै भयो। तर ग्यास निकाल्न मिल्दैन भन्ने निष्कर्ष सार्वजनिक भए। जग्गा धनी पनि यहाँ छैनन्। त्यही भएर अलि अप्ठ्यारो भएको छ। म यसबारेमा एकपल्ट फेरि खानी तथा भूगर्भ विभागमा बुझ्छु", उहाँले थप्नुभयो।

वडाध्यक्ष श्रेष्ठको यो दोस्रो कार्यकाल हो। पहिलो कार्यकालमा नै लुभुमा ग्यासको सम्भाव्यता र सदुपयोगको लागि पहल गरे पनि अझै केही हुन नसकेको उहाँको भनाइ छ। "हामी आउनुभन्दा अगाडि नै एउटा इँटा कारखाना थियो। त्यसको लागि बोरिङ खन्ने क्रममा यो निस्किएको हो। २०७२ सालको भूकम्पमा चिया पकाउने, खाना पकाउनेको भिड हुन्थ्यो। विभिन्न अध्ययनले व्यावसायिक उत्पादन हुँदैन भनेपछि बन्द गर्न खोजेको त्यो पनि हुँदैन। पाइप राखेर मिलाएका थियौं। तर मान्छेहरु गएर बिगारिदिन्छन्", उहाँले गुनासो गर्दै भन्नुभयो।

खानी तथा भूगर्भ विभागले यहाँको ग्यास स्टोर गर्न नमिल्ने भनेपछि केही नगरेको महालक्ष्मी नगरपालिकाका प्रमुख हरिगोविन्द श्रेष्ठ बताउनुहुन्छ। "खानी तथा भूगर्भ विभागमा यसबारेमा पहिले नै कुरा भएको थियो। तर यहाँबाट निस्किएको ग्यास भण्डारण गर्न मिल्ने खालको छैन भनेपछि त्यसै छाडेको हो", उहाँले भन्नुभयो।

लुभुको वडा नं ८ मा यो पुरानो आगो भए पनि आसपास बोरिङ खन्दा ग्यास निस्कने गरेको उहाँको भनाइ छ।

उहाँ भन्नुहुन्छ, "अस्ति पनि डिप बोरिङ गर्दा खोलाको किनारमा ग्यास निस्किएको थियो। यो ठाउँमा किन यस्तो हुन्छ भनेर गहिरो अध्ययन गर्न आवश्यक छ।" खानी तथा भूगर्भ विभाग, पेट्रोलियम परियोजनाका निमित्त प्रमुख धर्मराज खड्काका अनुसार जमिनबाट प्राकृतिक रूपमा ज्वलनशील ग्यास निस्कनु भूगर्भीय प्रक्रियासँग सम्बन्धित हुन सक्छ। कुनै स्थानमा ग्यास बलिरहेको देखिनु मात्रै त्यसलाई व्यावसायिक रूपमा उत्खनन गर्न सकिने पर्याप्त प्रमाण नभएको उहाँ बताउनुहुन्छ। "व्यवसायिक उत्पादन र उत्खननका लागि विस्तृत भूगर्भीय अध्ययन, ग्यासको रासायनिक परीक्षण, भण्डारको अनुमान र आर्थिक तथा प्राविधिक सम्भाव्यता अध्ययन आवश्यक हुन्छ।"

विसं २०७२ मा भूकम्प गएपछि काठमाडौं उपत्यकाको धेरै ठाउँमा यस्तो ग्यास निस्किएको उहाँ बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "बालुवा भएको ठाउँ ठाउँमा पानी सित घुलेर यस्तो ग्यास बसेको हुन्छ। २०७२ सालको भूकम्पमा तलको पानी र बालुवा घुलेर यो ग्यास निस्किएको हो।

कुनै ठाउँमा इनार खन्दा यस्तो ग्यास निस्कन्छ। लुभुमा पनि अहिले त्यस्तै ग्यास निस्किएको हुनसक्छ। यो प्राकृतिक भन्दा पनि बायोजेनिक ग्यास हो। दैलेखतिर पाउनेजस्तो थर्मोजेनिक ग्यास चाहिँ होइन।" बायोजेनिक ग्यास वैज्ञानिक रूपमा प्रयोग गर्न नमिल्ने उहाँ बताउनुहुन्छ।

पेट्रोलियम परियोजनाका निमित्त प्रमुख खड्का भन्नुहुन्छ, "काठमाडौं उपत्यकाको बाक्लो वस्तीमा भेटिएको बायोजेनिक ग्यास व्यावसायिक रूपमा प्रयोग गर्न मिल्दैन। यसको प्रयोगले समस्या ल्याउँछ।" यस्तो ग्यास उपत्यकाका विभिन्न ठाउँमा निस्किरहेको उहाँको भनाइ छ। "काठमाडौंको टेकुमा पनि निस्किएको थियो। केही समय टेकुमा पनि स्थानीयले उपयोग गरे तर अहिले बन्द छ। कुनै ठाउँमा पहिलेदेखि निस्किएको होला त्यो त हामीलाई भन्दा पनि स्थानीयलाई थाहा हुन्छ।" खड्काका अनुसार उपत्यकामा कालीमाटी भएको ठाउँ ग्यास उत्सर्जन गर्ने स्रोत हो। त्यहाँबाट निस्किएको ग्यास बालुवाको माथिल्लो तहमा थोरै थोरै बसेको हुन्छ। कुनै ठाउँमा इनार खन्दा, कुनै ठाउँमा नदी किनार र खोँचहरुमा निस्कन्छ।

### अनुसन्धान गर्न स्थानीयको माग

नगरपालिकाले मात्रै होइन, संघीय तहका सम्बन्धित निकायले समेत लुभुको ग्यासको वैज्ञानिक अध्ययन गर्नुपर्ने स्थानीयको माग छ। बाबुकाजी महर्जन भन्नुहुन्छ, "मैले ४६ वर्षदेखि लगातार ग्यास बलिरहेको देखेको छु। यो ग्यासको अनुसन्धान गरेर उपयोग गर्न सरकारलाई अनुरोध गर्दछु।" लुभुको जमिनमुनि कति ग्यास छ भन्ने कुरा अहिले अनुमान गर्न सकिँदैन। महर्जन भन्नुहुन्छ, "जमिनबाट निस्किएको ग्यासमा वर्षौंदेखि स्थानीयको खाना पाकिरहेको छ। यो विषयलाई सरकारले गम्भीर रूपमा लिनुपर्छ।" महालक्ष्मी नगरपालिकाले व्यवसायीक ग्यास उत्पादन गर्न नसके पनि यो क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा संरक्षण गर्न सक्छ। यो विषयमा नगर पालिकाको ध्यान पुगेको देखिँदैन। नगरपालिकाको सानो लापरवाहीले वस्ती बढ्दै जाँदा कहिल्यै ननिभ्ने ग्यासका कारण यो क्षेत्र जोखिममा पर्नसक्ने महर्जनको भनाइ छ।

## धानबाली नष्ट भक्तपुरका किसान दुःखी

भक्तपुर। गए राति परेको अविरल वर्षाका कारण पाक्नै लागेको धानबालीमा क्षति पुगेपछि भक्तपुरका किसान दुःखी बनेका छन्। पाक्नै लागेको धानबालीमा क्षति पुगेपछि किसानले वर्षभरको मेहनत खेर जाने चिन्ता व्यक्त गरेका छन्। धान काट्ने समय नजिकिँदै गर्दा परेको ठूलो वर्षाले किसानको वर्षभरिको मेहनत जोखिममा परेको छ।

रोपाइँदेखि गोडमेल, मलजल र सिँचाइ गर्दै हुर्काएको धान पाक्ने बेलामा पानी र हावाहुरीका कारण ढलेपछि उत्पादन घट्ने चिन्ता किसानमा थपिएको छ। भक्तपुरको चाँगुनारायण नगरपालिका वडा नं ५ छालिङगका किसान सौगात गिरीका अनुसार राति परेको वर्षाले धानबालीको खेततर्फको खोला पसेपछि खेतको धानबालीमा क्षति पुगेको हो।

खोलामा लामो समयदेखि जम्मा भएका फोहोरका थुप्रोसमेत खेतमा पस्दा धानबालीमा थप क्षति पुगेको उहाँले बताउनुभयो। वर्षाका कारण खेतमा पानी जम्नुका साथै कतिपय स्थानमा खोला तथा खोल्साको पानी खेतमा पस्दा धानबाली ढलेर नष्ट भएको उहाँले जानकारी दिनुभयो।

"वर्षे धान रोपेदेखि धान घरमा नभित्र्याएसम्म पानी परेपछि धान डुबानमा पर्ला कि भनेर चिन्तामा बस्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो। गिरीले यसपटक पनि पाक्न ठिक्क परेको धानबाली वर्षाको पानीले ढलेर नष्ट भएपछि यहाँका सम्पूर्ण किसानहरु दुःखी भएको बताउनुभयो।

यहाँका किसानहरूले वर्षायाममा खेत डुबानको समस्या समाधान गर्न खोला तथा खोल्साको उचित व्यवस्थापन, फोहर हटाउने तथा व्यवस्थित कोरिडोर निर्माण गर्न स्थानीय तहसँग माग गर्दै आएका छन्। समयमै समस्या समाधान नगरे हरेक वर्ष धानबाली मा क्षति पुग्ने र किसानको उत्पादन तथा आम्दानीमा असर पर्ने उहाँको भनाइ छ। भक्तपुरका किसान रामप्यारी सुवालका अनुसार पाक्नै लागेको धान ढलेपछि धान नष्ट हुन्छ। उहाँका अनुसार ढलेको धान फेरि जनशक्ति लगाएर उठाउनुपर्छ अर्थात् मुठामुठा बाध्नुपर्छ।

यति गर्दा पनि त्यो धान खाली बोक्रामा मात्रै सिमित हुन्छ। त्यसकारण धान फल्ने बेला त्यो खोक्रो भुस धानमा परिणत हुने उहाँले जानकारी दिनुभयो। भक्तपुर किसानको जिल्ला भनेर चिनिन्छ। जिल्लाका चार नगरपालिका-भक्तपुर, मध्यपुर थिमि, सूर्यविनायक र चाँगुनारायण मध्ये विशेषगरी सूर्यविनायक र चाँगुनारायण नगरपालिकाका विभिन्न क्षेत्रमा अझै पनि ठूलो क्षेत्रफलमा रोपाइँ गरिन्छ।

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

# सहिद लखन र इच्छाकामनालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्न प्रमुख सचेतक बुर्लाकोटीको माग

चितवन । राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक कविन्द्र बुर्लाकोटीले गोरखाको सहिद लखन र चितवनको इच्छाकामना गाउँ पालिकालाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न माग गर्नुभएको छ ।

गोरखा २ का प्रतिनिसभा सदस्यसमेत रहनुभएका उहाँले यी दुई गाउँपालिका बाढीका कारण सङ्कटमा रहेको जानकारी दिनुभयो । सरकारले रसुवा, नुवाकोट, धादिङ, गोरखा र तनहुँका नदी तटीय केही पालिकाहरुलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ। सांसद बुर्लाकोटीले यहाँ सञ्चारकर्मीसंग कुराकानी गर्दै भोटेकोशी बाढीबाट चितवनको इच्छाकामना र गोरखाको सहिद लखन गाउँपालिकाका केही क्षेत्र पनि प्रभावित भएको जनाउँदै सरकारले यसलाई पनि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नुपर्छ भन्नुभयो ।

यस विषयमा आफूले सरकार र पार्टीमा कुरा राखिसकेको जनाउँदै विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएसँगै दुवै पालिकाका प्रभावितलाई राज्यका तर्फबाट सम्बोधन गर्न सकिन्छ भन्नुभयो ।उहाँले भन्नुभयो, “बाढीले यी दुवै पालिकामा क्षति पुर्‍याएको छ । नदी तटीय क्षेत्रका बासिन्दा प्रभावित भएका छन् । नदी किनारमा रहेका पर्यटकीय होटल र उद्योगमा क्षति पुगेको छ । दुवै गाउँपालिका त्रिशूली नदीको वारी र पारी पर्दछन् । भोटेकोशीबाट आएको बाढी यिनै पालिकासँगैको त्रिशूली नदी हुँदै नारायणीमा मिसिएको हो । ”

सरकारले रसुवाको उत्तरगया, गोसाइकुण्ड, कालिका र आमाछोदिङमो गाउँपालिका, नुवाकोटको विदुर र बेलकोटगढी नगरपालिका, नुवाकोटकै किस्पाङ र तारकेश्वर गाउँपालिकाकालाई विपदृत सङ्कट ग्रस्त क्षेत्र घोषणा गरेको छ। धादिङको गल्छी, सिद्धलेक, गजुरी र बेनीघाट रोराङ गाउँपालिका, गोरखाको गण्डकी गाउँपालिका, तनहुँको देवघाट र आँबुखैरेनी गाउँपालिकालाई विपदृत सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ।

यससँगै यी दुई पालिकालाई थप गर्न उहाँले माग गर्नुभएको हो। यसले राज्यको लगानी बढ्नेसँगै राहत, उद्धार, क्षतिको पुनःनिर्माण, गैरसरकारी सङ्घसंस्थालाई काम गर्न बाटो खुला हुने प्रमुख सचेतक बुर्लाकोटी बताउनुभयो । बाढीबाट प्रभावित परिवारलाई भेट्ने क्रममा चितवन हुँदै गोरखा जानुभएका बुर्लाकोटीले बाढीबाट प्रभावित भएकाको उद्धार, राहत र पुनःस्थापना लगायतमा सरकार र राष्ट्रिय स्वतन्त्र पार्टी निरन्तर रुपमा लागिरहेको बताउनुभयो ।

सरकारले गोरखालगायतका जिल्लाबाट संघीय राजधानी जाने कृष्णभिरसहितका सडकको मर्मत र वैकल्पिक मार्ग निर्माणमा तीव्र गतिमा काम गरिरहेकाले छिट्टै संघीय राजधानीसँगको यातायात सहज हुने बताउनुभयो ।

# भोटेकोशी बाढीपीडित व्यवसायिक लागि पुनरुत्थान प्याकेजः करमा पूर्ण छुटदेखि सहुलियतपूर्ण कर्जासम्म

काठमाडौँ । सरकारले भोटेकोशी बाढीबाट प्रभावित उद्योग, व्यापार, व्यवसाय तथा आर्थिक गतिविधि लाई पुनः सञ्चालनमा ल्याउन व्यवसाय पुनरुत्थान ‘प्याकेज’ घोषणा गरेको छ । गत बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले अर्थ मन्त्रालयको प्रस्तावमा बाढीपीडित व्यवसायिका लागि राहत, कर छुट, भन्सार महसुल छुट, ऋण तथा ब्याजमा सहुलियत र बीमा दाबी भुक्तानीलाई सहज बनाउने निर्णय गरेको हो ।

नेपाल-चीन सीमाक्षेत्रमा यहि भदौ १० गते आएको विनाशकारी बाढीबाट रसुवा, नुवाकोट, धादिङलगायतका क्षेत्रमा उद्योग, व्यापार, व्यवसाय र ढुवानी क्षेत्रमा ठूलो क्षति पुगेपछि सरकारले व्यवसाय पुनरुत्थानको पहिलो चरणअन्तर्गत यस्तो प्याकेज ल्याएको हो ।

क्षतिग्रस्त व्यावसायिक सवारी पुनः आयातमा महसुल छुट

बाढीका कारण मर्मत तथा सम्भार गर्न नसकिने गरी क्षतिग्रस्त भएका वा बाढीले बगाएर हराएका व्यावसायिक सवारी तथा ढुवानी साधनका धनीलाई सरकारले राहत दिने भएको छ। त्यस्ता सवारी तथा ढुवानी साधनको पुरानो दर्ता खारेज गरी सोही प्रकृतिको नयाँ साधन पुनः आयात गर्दा भन्सार बिन्दुमा लाग्ने सम्पूर्ण महसुल छुट दिइनेछ । यस व्यवस्थाले बाढीबाट सवारी साधन गुमाएका व्यवसायीलाई नयाँ सवारी खरिद गरी व्यवसाय पुनः सञ्चालन गर्न सहयोग पुग्ने सरकारको अपेक्षा छ ।

मेशिनरी र उपकरण आयातमा पनि महसुल छुट

बाढीका कारण मर्मत तथा सुधार गर्न नसकिने गरी नष्ट भएका प्लाण्ट, मेशिनरी, यन्त्र तथा उपकरणको पुनः आयातमा समेत सम्पूर्ण भन्सार महसुल छुट दिइने भएको छ । प्राकृतिक व्यक्ति वा निकायको बाढीबाट नष्ट भएको प्लाण्ट, मेशिनरी, यन्त्र तथा उपकरणको प्रकृति मिल्ने सामान आयात गर्दा यस्तो छुट पाउनेछन् । तर नयाँ आयातको परिमाण बाढीबाट नष्ट भएको परिमाणभन्दा बढी हुन पाउने छैन । यस व्यवस्थाले उद्योग तथा व्यवसायमा प्रयोग हुने महँगा मेसिन तथा उपकरण नष्ट भएका व्यवसायीलाई पुनः लगानी गर्न सहज हुने अपेक्षा समेत गरिएको छ ।

बाटैमा नष्ट भएका आयातित वस्तुको महसुल समायोजन

बाढीका कारण गन्तव्यमा पुग्नुअघि नै नष्ट भएका आयातित वस्तुको भन्सार महसुलसमेत समायोजन गरिने भएको छ । भन्सार कार्यालयमा महसुल बुझाइसकेका तर भदौ १० गतेको बाढीका कारण गन्तव्यमा पुग्नुअघि नै वस्तु नष्ट भएका आयातकर्ताले सोही प्रकृतिको वस्तु पुनः आयात गर्दा पहिले तिरेको महसुल बराबरको रकम समायोजन गर्न पाउनेछन् । यस्तो सुविधा लिन भने नष्ट भएको वस्तुका स्थानमा सोही प्रकृतिको वस्तु छ महिनाभित्र कुनै पनि भन्सार कार्यालयबाट आयात गर्नुपर्नेछ ।

कर दाखिलाको म्याद थप

प्रभावित व्यवसायीलाई करसम्बन्धी प्रक्रिया पूरा गर्न पनि सरकारले समय थप गरेको छ । प्रभावित करदाताले कर विवरण पेश गर्ने तथा कर दाखिला गर्ने म्याद २०८३ साल कात्तिक २५ गतेसम्म थप गरिएको छ। बाढीका कारण कार्यालय, अभिलेख, लेखा प्रणाली तथा व्यवसाय सञ्चालनमा समस्या परेका करदातालाई यसबाट राहत पुग्नेछ ।

क्षतिग्रस्त सम्पत्तिको मूल्य अभिवृद्धि कर दाबी सहज

बाढीबाट क्षतिग्रस्त भएका व्यावसायिक सम्पत्तिमा लाग्ने मूल्य अभिवृद्धि कर (मू.अ.कर) दाबी तथा समायोजन प्रक्रियालाई पनि सरल बनाइने भएको छ ।

त्यसैगरी, पूर्ण रूपमा क्षति भएका व्यावसायिक सम्पत्तिको मूल्यलाई एकमुष्ठ खर्चकट्टी गर्न सकिने व्यवस्था गरिएको छ । आंशिक रूपमा क्षति भएका सम्पत्तिको मर्मतमा लागेको खर्चमा आयकर ऐनको दफा १६ (२) अन्तर्गतको सीमासमेत लागू नहुने व्यवस्था गरिएको छ । यसबाट बाढी प्रभावित व्यवसायीले क्षतिग्रस्त भवन, उपकरण, मेसिन तथा अन्य व्यावसायिक सम्पत्तिको मर्मत र पुनःस्थापनामा भएको खर्चलाई कर प्रयोजनमा समायोजन गर्न सहज हुनेछ ।

प्रभावितलाई आयकरमा पूर्ण छुट

बाढीबाट प्रभावित व्यक्तिले आय वर्ष २०८२/८३ को आयकर मा पूर्ण छुट पाउने व्यवस्था गरिएको छ । त्यसका लागि सम्बन्धित प्रभावित व्यक्तिले तोकिएको विवरण पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।

कर र शुल्कमा सहुलियत

बाढीबाट प्रभावित व्यवसायी लाई प्रदेश तथा स्थानीय तहबाट समेत स्थानीय कर र शुल्कमा सहुलियत उपलब्ध गराउन सरकारले अनुरोध गर्ने भएको छ । संघीय सरकारले घोषणा गरेको राहतसँगै प्रदेश तथा स्थानीय तहबाट समेत कर तथा शुल्कमा सहुलियत उपलब्ध भए व्यवसाय पुनः सञ्चालनको लागत घट्ने अपेक्षा गरिएको छ ।

बैंक कर्जा पुनरसंरचना र पुनर्तालिकीकरण

बाढीका कारण आर्थिक क्षति व्यहोरेका व्यवसायीको बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जालाई पुनरसंरचना वा पुनर्तालिकीकरण गर्ने व्यवस्था गरिएको छ । विशेषगरी रसुवा भन्सारबाट आयात भएका वस्तुको क्षतिसँग सम्बन्धित कर्जालाई पुनरसंरचना तथा पुनर्तालिकीकरण गर्न सकिने व्यवस्था गरिएको छ ।

बाढी प्रभावित ऋणीको बैंक कर्जाको साँवा तथा ब्याजसमेत एकपटक पुनरसंरचना वा पुनर्तालिकीकरण गर्न सकिनेछ । यसबाट तत्काल किस्ता तथा ब्याज भुक्तानी गर्न नसक्ने व्यवसायीलाई केही समयको वित्तीय दबाब कम हुने अपेक्षा गरिएको छ ।

सवारी र उपकरण पुनः खरिदका लागि सहुलियत कर्जा

बाढीबाट क्षति भएका सवारी, ढुवानी साधन, यन्त्र तथा उपकरण पुनः खरिद गर्न व्यवसायी लाई सहुलियत कर्जा उपलब्ध गराइने भएको छ । नेपाल राष्ट्र बैंकले यस्तो कर्जासम्बन्धी आवश्यक व्यवस्था गर्नेछ । त्यस्तै, उद्योग तथा व्यापार पुनरुत्थान र रोजगारी संरक्षणका लागि प्रभावित व्यवसायी लाई थप कर्जा उपलब्ध गराउने व्यवस्था गरिएको छ। बाढी प्रभावित व्यवसायीले पाउने सहुलियत कर्जामा एक वर्षसम्म आधारदरमा अधिकतम शून्य दशमलव ५ प्रतिशत बिन्दु थप गरी सहुलियत ब्याजदर कायम गर्ने व्यवस्था गरिएको छ । यसबाट व्यवसायीलाई पुनः लगानी गर्न र व्यवसाय सञ्चालनको कार्यशील पुँजी व्यवस्थापन गर्न तुलनात्मक रूपमा सस्तो कर्जा उपलब्ध हुने सरकारको अपेक्षा छ ।

बीमा दाबी भुक्तानी पनि सहज

बाढीबाट भएको क्षतिको बीमा दाबी भुक्तानीलाई छिटो र सहज बनाउन नेपाल बीमा प्राधिकरणले विशेष व्यवस्था गर्ने भएको छ । क्षतिको बीमा दाबी मूल्याङ्कनका लागि सरल प्रक्रियाबाट सर्भेयर खटाइनेछ । प्रारम्भिक मूल्याङ्कनका आधारमा बीमितलाई ५० प्रतिशतसम्म अग्रिम दाबी भुक्तानी उपलब्ध गराउने व्यवस्था गरिएको छ । बाढीबाट ठूलो क्षति भएका व्यवसायीलाई बीमा रकम प्राप्त गर्न लामो समय कुर्नुपर्ने अवस्था अन्त्य गर्ने उद्देश्यले संक्षिप्त दाबी भुक्तानी कार्यविधि शीघ्र तर्जुमा गरी लागू गरिनेछ ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दिन सकिने

सरकारले निजी क्षेत्रलाई विपद् प्रभावितको राहत तथा पुनरुत्थानमा थप योगदान गर्न प्रोत्साहन गर्ने व्यवस्था पनि गरेको छ । संस्थागत सामाजिक उत्तर-दायित्व (सीएसआर) कोष स्थापना गरेका निकायले आर्थिक वर्ष २०८३/८४ मा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा योगदान गरेको रकमलाई समेत सीएसआर खर्चका रूपमा मान्यता दिइने भएको छ । यसका लागि सम्बन्धित ऐन, नियम तथा निर्देशिका आवश्यकता अनुसार परिमार्जन गर्ने व्यवस्था सम्बन्धित निकायले मिलाउनेछन् ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार सरकारले घोषणा गरेको यो प्याकेज व्यवसाय पुनरुत्थान योजनाको पहिलो चरण हो । यसमा तत्काल राहत, कर तथा महसुल छुट, कर सहुलियत, कर्जा पुनरसंरचना, सहुलियत ब्याजदर, नयाँ कर्जा, बीमा दाबी भुक्तानी र सीएसआर परिचालनलाई प्राथमिकता दिइएको छ ।

# तनहुँमा डिएनए नमूना उपलब्ध गराउन आग्रह

दमौली । रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा बेपत्ता भएका व्यक्तिको पहिचानका लागि ‘डिएनए’ नमूना सङ्कलन गर्न तनहुँ प्रहरीले बेपत्ताका आफन्तलाई सम्पर्कमा आउन आग्रह गरेको छ ।

जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले बाढीमा बेपत्ता भएका व्यक्तिका आफन्तलाई आवश्यक ‘डिएनए’ नमूना उपलब्ध गराउन आग्रह गरिएको जानकारी दिनुभयो । हालसम्म बेपत्ता व्यक्तिको पहिचानका लागि कसैले ‘डिएनए’ नमूना नदिएको उहाँले बताउनुभयो । बाढीले बगाएका शवमध्ये तनहुँ जिल्लाका आँबुखैरेनी र देवघाटस्थित त्रिशुली नदीबाट हालसम्म ३९ शव फेला परेका छन्। तीमध्ये २४ शव पोखरा पठाइएको थियो भने १५ शव व्यास नगरपालिका-५ चनौली क्षेत्रमा व्यवस्थापन गरि एको छ ।

यसैबीच, तनहुँ घर भएका ३३ जना व्यक्ति बाढीपछि सम्पर्क विहीन भएको विवरण प्राप्त भएकामा हालसम्म नौ जना सम्पर्कमा आएका छन् ।

# रसुवामा विघुत् सेवा पुनः सञ्चालनमा

काठमाडौँ । भोटेकोशी बाढीका कारण विद्युत् पूर्वाधारमा क्षति पुगेपछि प्रभावित रसुवा र नुवाकोटमा विद्युत् सेवा पुनः सञ्चालनमा ल्याउन ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले थप सक्रियता देखाएको छ ।

मन्त्रालयका अनुसार सो क्षेत्रमा प्रतिकूल मौसमका बाबजुद धादिङमा करिब ९९.८ प्रतिशत, नुवाकोटमा ९६.७ प्रतिशत र रसुवामा करिब ७८ प्रतिशत घरमा विद्युत् सेवा पुनः सञ्चालनमा ल्याइएको छ। बाँकी क्षेत्रमा विद्युत् पुर्‍याउनका लागि नेपाल विद्युत् प्राधिकरणको प्राविधिक टोली परिचालन गरिएको छ । यस्तै, माथिल्लो त्रिशूली-३ ‘ए’, माथिल्लो त्रिशूली-३ ‘बी’, चिलिमे, रसुवागढी, लाङटाङ, माथिल्लो त्रिशूली-१ र मैलुङ खोलालगायत जलविद्युत् आयोजनामा खोज तथा उद्धारकार्य जारी रहेको मन्त्रालयले जनाएको छ। रसुवागढी आयोजनामा उद्धार टोली विद्युत्गृह तथा आसपासको क्षेत्रसम्म पुगेको छ । लाङटाङ आयोजनाको निकास मार्गमा थुप्रिएको माटो तथा ठूला चट्टान हटाउने काम भइरहेको छ। त्यस्तै, माथिल्लो त्रिशूली-३ ‘बी’मा मिनी एक्स्काभेटर प्रयोग गरी भग्नावशेष हटाउने कार्य जारी छ ।

# सीपमूलक तालिमबाट उत्पादित सामग्री बाढी प्रभावितलाई सहयोग

चितवन । रसुवामा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारका लागि उद्योग, वाणिज्य तथा पर्यटन कार्यालय, चितवनले रु तीन लाख ८६ हजार ५२५ बराबरका राहत सामग्री हस्तान्तरण गरेको छ ।

कार्यालयले अहिले विभिन्न समयमा सञ्चालन गरेका सीप-मूलक तालिममा उत्पादित तथा भण्डारमा रहेका कपडा र जुत्ता-चप्पल छनोट गरी जिल्ला प्रशासन कार्यालय चितवनको राहत सङ्कलन केन्द्रमार्फत बाढी प्रभावितका लागि उपलब्ध गराएको हो । कार्यालय प्रमुख विनोद पौडेलका अनुसार कार्यालयले सञ्चालन गरेका सीपमूलक तालिमबाट उत्पादित सामग्रीमध्ये एक हजार २७ थान कपडा र ११६ जोर जुत्ता-चप्पल राहतस्वरूप हस्तान्तरण गरिएको छ । उहाँका अनुसार सीपमूलक तालिम सञ्चालन गर्दा प्रयोग हुने कच्चापदार्थ कार्यालयले उपलब्ध गराउने व्यवस्था छ ।

तालिमका क्रममा तयार भएका सामग्री प्रशिक्षार्थीले आधा मूल्यमा खरिद गर्ने व्यवस्था भए पनि बिक्री नभएका सामग्री कार्यविधिअनुसार कार्यालयको स्टोरमा राखिन्छन्। त्यस्ता सामग्री आवश्यकताअनुसार सामुदायिक संस्था, विद्यालय, आश्रमलगायत सामाजिक प्रयोजन का लागि हस्तान्तरण गर्न सकिने व्यवस्था रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “हाम्रो कार्यालयले सञ्चालन गरेका सीपमूलक तालिममा उत्पादित सामग्री स्टोरमा राखिएका थिए । सरकारी कार्यविधि र एकद्वार प्रणालीबमोजिम प्रयोग गर्न मिल्ने कपडा तथा जुत्ता-चप्पल स्क्रिनिङ गरी व्यवस्थित रूपमा प्याक गरेर रसुवाका बाढीपीडितका लागि जिल्ला प्रशासन कार्यालयको राहत सङ्कलन केन्द्रमा हस्तान्तरण गरेका हौँ ।” विपद्को कठिन अवस्थामा बाढी प्रभावित परिवार



लाई तत्काल राहत पुगोस् भन्ने उद्देश्यले सीपमूलक तालिममा उत्पादित सामग्री राहतका रूपमा हस्तान्तरण गरिएको उहाँले बताउनुभयो ।

## रसुवा बाढीः एक हजार ३५५ को मृत्यु

काठमाडौं । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले रसुवा बाढीमा परी ज्यान गुमाएका मध्ये हालसम्म एक हजार ३५५ जनाको शव फेला परेको जनाएको छ ।

प्राधिकरणका अनुसार फेला परेका शवमध्ये विभिन्न मानव अङ्गसमेत समावेश छन् । हालसम्म ९८ शवको सनाखत गरी आफन्त लाई बुझाइएको प्राधिकरणको तथ्याङ्क छ ।

प्राधिकरणका प्रवक्ता शान्ती महतले रसुवामा १६९, नुवाकोटमा १९७, धादिङमा ७०, गोरखामा ७५, तनहुँमा ३८, चितवनमा ३६३, नवलपरासी पूर्वमा २२२ र नवलपरासी पश्चिममा २२१ शव फेला परेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “बाढीमा परी करिब चार हजार ९९६ जना सम्पर्कविहीन रहेको विवरण छ । रसुवा जिल्ला प्रशासन कार्यालय बाट करिब एक हजार ९६७ जना र नुवाकोटबाट करिब दुई हजार ३४० नेपाली सम्पर्कविहीनको विवरण अद्यावधिक छ ।” उहाँका अनुसार, सुरक्षाकर्मी तथा कर्मचारी करिब १०० र विदेशी नागरिक करिब ५८९ जना सम्पर्कविहीन रहेको तथ्याङ्क छ । यसबीच बाढीमा फसेकाहरु मध्ये हालसम्म १३ हजार ३९६ जनाको उद्धार गरिएको छ ।

प्राधिकरणका अनुसार छ हजार ६७२ जना घाइतेको उपचार गरिएको छ । ती मध्ये विभिन्न अस्पतालमा ३२३ जनाको उपचार भएकामा २२८ जना उपचारपछि फर्कनुभएको छ ।

प्रभावित क्षेत्रमा स्थापना गरिएका ३९ वटा होल्डिङ सेन्टरमा अहिले तीन हजार ५३३ जना बाढी प्रभावित रहनुभएको छ । ती मध्ये रसुवामा ६६९, नुवाकोटमा दुई हजार ६५१ र धादिङमा २१३ जना रहेका प्राधिकरणको भनाइ छ ।

प्राधिकरणका अनुसार उद्धार, राहत तथा सुरक्षा व्यवस्थापन का लागि २१ हजार ४०२ सुरक्षाकर्मी परिचालन गरिएको छ । नेपाली सेनाका नौ हजार २८७, नेपाल प्रहरीका सात हजार ९१२ र सशस्त्र प्रहरी बलका चार हजार २०३ जना सुरक्षाकर्मी बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार र राहतका लागि परिचालित छन् ।

## नमूना बस्ती पहिरोको उच्च जोखिममा

दैलेख । अविरल वर्षाका कारण दैलेखको नारायण नगरपालिका-१, नमूना बस्ती पहिरोको उच्च जोखिममा छ ।

आइतबार परेको झरीका कारण गए राति बस्तीमा पहिरो जान थाले पछि आठ घर परिवारका ३७ जना सर्वसाधारण विस्थापित भएका छन् । पहिरोको जोखिम बढे लगत्तै जिल्ला प्रहरी कार्यालय, दैलेखबाट प्रहरी निरीक्षक ऋषिकेश गौतम हरिजनको कमाण्डमा खटिएको टोलीले स्थानीय जन प्रतिनिधिसँग समन्वय गरी पीडितलाई उद्धार गरेको छ ।

विस्थापित ३७ जनालाई सोही वडामा रहेको तरकारी सङ्कलन केन्द्रको भवनमा राखिएको छ ।

भरालोमा रहेको ६५ घर-धुरीको यो बादी बस्तीमा एउटा घर पुरिँदा सिङ्गो बस्ती नै जोखिममा पर्ने अवस्था छ । यसअघि पहिरोमापरी रुपा बादी, उहाँकी छोरी सपना र छोरा विष्णुको मृत्यु भइसकेकाले स्थानीय वासी त्रासमा छन् । विस्थापित कमला बाढीले पटक-पटक कारागार, भेटेरिनरी र तरकारी सङ्कलन केन्द्रमा आश्रय लिनुपर्ने बाध्यता रहेको भन्दै स्थायी स्थानान्तरण नभएसम्म पुरानो बस्तीमा नफर्किने बताउनुभयो ।

नारायण नगरपालिका-१ का वडाध्यक्ष सन्देश श्रेष्ठले बस्तीको प्रत्यक्ष अनुगमन गरी प्रभावितसँग छलफल गरिएको जानकारी दिनुभयो । नमूना बस्तीमा पुगेर वस्तु स्थिति हेरेका छौं र नगरप्रमुखसहित बस्तीका अगुवाहरूसँग छलफल गरेका छौं, वडाध्यक्ष श्रेष्ठले भन्नुभयो ।

तत्कालको झरीको अवस्था लाई हेरेर दीर्घकालीन व्यवस्था गर्ने कुरा भएको छ । पानी पर्न वित्तिकै वर्षौंदेखिको पहिरोको जोखिम अन्त्य हुने गरी बादी समुदायलाई अन्यत्रै स्थानान्तरण गर्ने कुरा भएको छ । उहाँहरूको भूमि आयोगबाट निसा भइसकेकाले त्यसलाई छिट्टै प्रक्रियामा लगेर स्थायी व्यवस्थापन गरिनेछ ।

यसैगरी दैलेखका प्रमुख जिल्ला अधिकारी आनन्द शारुले स्थानीय तहले छिटो र छरितो रूपमा काम अघि बढाए जग्गा खोजी गरी बादी समुदायको स्थायी व्यवस्थापन गर्न प्रशासन तयार रहेको बताउनुभयो ।

सुकुमवासी हुन् भने नगर पालिकाले छिटो काम अगाडि बढाउनुपर्छ, हामी जग्गा खोज्छौं, प्रजिअ शारुले भन्नुभयो, बादी समुदायले पनि हामी लाई रोजेकै ठाउँ चाहिन्छ भन्नु राज्यको नीतिसँग मिल्दैन ।

मैले दैलेखका सबै ठाउँमा अनुगमन गरिसकेको छु, स्थानीय निकायले गर्नुपर्ने काम ढिलो भएको छ । त्यसैले लालपुर्जा वितरणका लागि स्थानीय निकायले जग्गा व्यवस्थापनको पहल भूमि आयोगमा गर्नुपर्छ ।

## झापाबाट २२ हात्ती भारत तर्फ

झापा । विगत एक महिनादेखि जिल्लाका विभिन्न सामुदायिक वनमा डेरा जमाएर बसेका २२ वटा हात्तीको समूह सोमबार बिहान भारततर्फ फर्किएको हात्ती अभियान्ता शङ्कर लुईंटेलले जानकारी दिनुभयो ।

बच्चासहितको उक्त हात्ती को हुलले बाहुनडाँगी, शान्तिनगर लगायतका आसपासका क्षेत्रमा दैनिकजसो उपद्रव गर्दै आएको थियो । हात्तीले स्थानीय बासिन्दाका घर भत्काउने, खेतमा लहलह भएको धान खाइदिने, कुल्चिएर नष्ट गर्ने, सुपारीका बोट भाँचिदिन गरेपछि झापाका उत्तरी-पूर्वी क्षेत्रका बासिन्दा लामो समयदेखि त्रास र तनावमा जीवन बिताउन बाध्य थिए । एक महिनापछि भारतबाट आएको ठूलो हुल आफ्नै प्राकृतिक बासतर्फ फर्किएपछि स्थानीय वासीले ठूलो राहतको महसुस गरेका छन् । स्थानीय नीलकण्ठ तिवारीका अनुसार हात्तीको हुल फर्केपछि केही हदसम्म भए पनि स्थानीयमा त्रास कम भएको बताउनुभयो ।

सोमबार बिहान बिर्तामोड नगरपालिका वडा नम्बर ७ मा एउटा एक्लो हात्ती बस्तीमा पसेपछि स्थानीयवासी पुनः त्रसित बनेका थिए ।

बिहानीपख घरआँगन मै हात्ती देखिएपछि स्थानीयहरू भागाभाग गर्न बाध्य भएका थिए । उक्त एक्लो हात्ती बिहान बस्तीमा घुमेको करिब चार घण्टापछि बुटाबारीस्थित चियाबगानतर्फ लागेको पत्रकार पुष्प बरालले जानकारी दिनुभयो । झापामा भारतको आसाम तथा पश्चिम बङ्गालका जङ्गलबाट मेची नदी तरेर हात्तीहरू खाना र बासको खोजीमा बाहुनडाँगी हुँदै नेपाल प्रवेश गर्ने गर्छन् ।

तिवारीका अनुसार नेपाल-भारत सीमामा लगाइएको सोलार फेन्सिङ (बिजुलीको झट्का दिने तारबार) पुरानो र जीर्ण हुँदै गएकाले हात्तीहरू सजिलै नेपालतर्फ छिर्ने गरेका छन् । जिल्लामा वर्षेनि हात्तीको आक्रमणबाट सर्वसाधारणले ज्यान गुमाउनुका साथै लाखौं रूपैयाँ बराबरको अन्नबाली र धनमालको क्षति हुने गरेको छ ।

## भरतपुर-काठमाडौं उडानमा यात्रुको उच्च चाप

चितवन । पृथ्वी राजमार्गको कृष्णभिरलगायत स्थानमा सडक भासिएर अवरुद्ध बनेपछि भरतपुर-काठमाडौं हवाई यात्रुको चाप बढेको छ । यात्रुको चाप बढेसँगै भरतपुरबाट उडान दोब्बरभन्दा बढी गरिएको हो । भरतपुरबाट काठमाडौं लागि बुद्ध एयरको मात्रै जहाज सञ्चालन हुँदै आएका छन् । बुद्ध एयर भरतपुर कार्यालयका प्रमुख भक्तबहादुर बस्नेतका अनुसार सामान्य अवस्थामा भरतपुरबाट काठमाडौंका लागि दैनिक पाँच उडान हुँदै आएकोमा सडक असहज बनेसँगै सङ्ख्या बढाएर ११ वटासम्म पुऱ्याइएको छ । दैनिक उडान आवश्यकता अनुसार ९ देखि ११ सम्म पुर्याइएको उहाँले जानकारी दिनुभयो । यहाँबाट काठमाडौं आवतजावत गर्ने ‘एटिआर ७२’ जहाज हो । यसले काठमाडौंबाट आउँदा ६५ देखि ७० र यहाँबाट काठमाडौं जाँदा ५० जना यात्रु ओसार्ने गर्दछ । क्षमता ७२ जनाको भए पनि धावन मार्ग छोटो भएका कारण क्षमता अनुसारको यात्रु ओसार्न सक्दैन ।

## नीलकण्ठ नगरपालिकाद्वारा मृतकका परिवारलाई आर्थिक सहयोग

*प्रत्युष समाचारदाता*



धादिङ । भोटेकोशी नदीमा गएको अकल्पनीय बाढीमा परी अकालमा ज्यान गुमाएका व्यक्तिका परिवार लाई नीलकण्ठ नगरपालिकाले रु ४० हजार उपलब्ध गराउन थालेको छ ।

नीलकण्ठ नगरपालिकाका प्रमुख भीम प्रसाद ढुङ्गाना सहितको जनप्रतिनिधिले मृतकका आफन्त एवं परिवारजनको घरमै पुगेर उक्त रकम उपलब्ध गराएका हुन् । भोटेकोशीको बाढीमा ३८ जना नगरवासी परेको प्रारम्भिक विवरण रहेको उहाँले बताउनुभयो ।

तीमध्ये केहीको मृत्यु पुष्टि भइसकेको छ भने केही अझै सम्पर्कविहीन भएको जनाइएको छ । केही परिवारले बेपत्ता आफन्त जीवित भेटिने सम्भावना नरहेको ठहर गर्दै अन्तिम काजकिरिया सुरु गरेका छन् । सम्पर्कविहीन नागरिक को खोजीका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको नगरपालिकाले जनाएको छ ।

## राष्ट्रपतिद्वारा बाढी प्रभावित क्षेत्र नुवाकोटको अवलोकन



नुवाकोट । राष्ट्रपति रामचन्द्र पौडेलले भोटेकोशी बाढी प्रभावित क्षेत्र नुवाकोटको अवस्थाबारे जानकारी लिनुभएको छ ।

उहाँले जिल्ला विपद् व्यवस्थापन समितिबाट बाढी प्रभावित क्षेत्रमा भइरहेको खोज तथा उद्धार, राहत वितरण, होल्डिङ सेन्टर सञ्चालन तथा पुनःस्थापना भइरहेका कार्यको जानकारी लिनुभयो ।

सो अवसरमा प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीसहितका समितिका सदस्यले भोटेकोशी बाढीले जिल्लामा पुर्याएको धनजनको क्षतिबारे विवरण प्रस्तुत गर्नुभयो । त्यसक्रममा प्रमुख जिल्ला अधिकारी रेग्मीले बाढी पीडितको खोज, उद्धार, राहत, पुनर्स्थापना तथा तत्काल निर्माणका सम्बन्धमा भइरहेका कामबारे राष्ट्रपति पौडेललाई अवगत गराउनुभयो ।

राष्ट्रपति पौडेलले विदुर नगरपालिका-२ स्थित कभर्ड हलस्थित होल्डिङ सेन्टरको अवलोकन गरी त्यहाँ रहनुभएका रसुवा र नुवाकोटका बाढी प्रभावित सँग अन्तरक्रिया गर्नुभयो । अन्तरक्रियामा बाढी प्रभावित नागरिकले भोटेकोशी अकल्पनीय बाढीले पुर्याएको धनजनको क्षतिबारे जानकारी गराउनुभएको थियो ।

उहाँहरुले खोज, उद्धार र राहत एवं पुनःस्थापनाका लागि सरकार र सहयोगदातासँग अझ तदारुकताको माग गर्नुभएको थियो ।

मानव बेचविखन भन्नालेः

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानुन विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य हुन् ।

तसर्थः

- मानव बेचविखनजन्य कार्य गर्ने / गराउनेलाई कानुनबमोजिम कारवाही हुन्छ,
- मानव बेचविखन गरे/गराएको जानकारी पाएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।

नेपाल सरकार,
विज्ञापन वोर्ड

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com